**"सुशासन, समृद्धी र विकास पर्सागढीको आधार**
**जनमुखी, पारदर्शी र जनउत्तरदायी स्थानीय सरकार "**

# पर्सागढी नगरपालिका
## सातौं नगर सभा
## २०७९

पर्सागढी नगरपालिकाको ७ औं नगर सभामा उपस्थित
सभा अध्यक्ष ज्यू
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा नं.१ देखि ९ सम्मका वडा अध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
सम्पुर्ण नगर सभा सदस्य ज्यूहरु,
राजनैतिक दलका संयोजक तथा प्रतिनिधि ज्यूहरु,
विभिन्न संघ संस्थाका संयोजक तथा प्रतिनिधि ज्यूहरु,
सुरक्षाकर्मी, सञ्चारकर्मी कर्मचारीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु,

आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेट यस गरिमामय नगर सभामा प्रस्तुत गर्न पाउँदा ज्यादै खुसी महशुस गरेकी छु ।

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा पर्सागढी नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ । यस नगरपालिकामा २०७९ साल बैशाख ३० गते निर्वाचन भई हामीले २०७९ साल जेष्ठ ९ गते सोमबारका दिन कार्यभार ग्रहण गरी कार्य थालनी गरेकोमा आज प्रथम आर्थिक वर्षमा प्रवेश गरेका छौं । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान कार्यान्वयन गर्दै क्रमश एउटा कहाली लाग्दो लामो संक्रमणकाल पार गरेर पुन: संरचित स्थानीय तहको दोस्रो निर्वाचनमा पर्सागढी नगरपालिकाका मतदाताहरुले हामिलाई अमूल्य मत दिई पालिकाको र जनताको सेवा गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण पर्सागढीबासी जनसमूदायमा हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै यस गरिमामय नगरसभामा निर्वाचित हुनु भएका प्रमुखज्यू, वडाध्यक्ष ज्यूहरु, महिला सदस्य ज्यूहरु, दलित महिला सदस्य ज्यूहरु, खुल्ला सदस्य ज्यूहरु तथा निर्वाचित कार्यपालिका सदस्य ज्यूहरु सम्पूर्णमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछु। "सुशाासन, समृद्धि, र विकास पर्सागढीको आधार, जनउत्तरदायी, पारदर्शी र जनमुखी स्थानीय सरकार" सफल बनाउन यहाँहरुको साथ र सहयोगको अपेक्षा लिएकीछु ।

संघिय लोकतन्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागु भई स्थानीय तहको दोस्रो निर्वाचन २०७९ सम्पन्न भएर जनताका प्रतिनिधिहरु मार्फत शाासन सञ्चालन भईरहेको यस घडीमा देशलाई राजनैतिक परिवर्तनको यो अवस्थामा पुऱ्याउन विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागु भई स्थानिय तहको दोस्रो निर्वाचन २०७९ सम्पन्न भई स्थानीय सरकारको उप प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७९/०८० मा अवलम्बन गरिने विकासका नीती तथा कर्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु । यसबाट नगरपालिकाको समग्र विकासमा एक आयाम थपिने विश्वास समेत लिएकी छु । पर्सागढीको विभिन्न क्षेत्रका समग्र समस्याहरुको पहिचान, आवश्यकताको विश्लेषण र प्राथमिकीकरण गरी उपलब्ध श्रोत र साधनको अधिक्तम सदुपयोग हुनेगरी नीति तथा कार्यकम तयार गरकी छु ।

## परिकल्पनाः

### सुशासन समृद्धि र विकास पर्सागढीको आधार!
### जनमुखी जनउत्तरदायी र पारदर्शी स्थानीय सरकार!!

## सोचः

पर्सागढी नगरपालिकाका जनताका आधारभूत आवश्यकता समस्या पुरा गर्दै नगरको विशिष्ट पहिचान सहितको जिल्लाकै सुन्दर र समृद्ध नगरपालिका बनाउने मुख्य सोच रहेको छ ।

## लक्ष्यः

यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरुको पहिचान सँगै उपलब्ध प्राकृतिक स्रोत साधनको बहुउपयोग गरी पूर्वाधारको विकास, कृषिमा आधुनिकीकरणका, व्यवसायीकरण र नागरीकको क्षमता अभिवृद्धि गर्दै सवल, सक्षम र समृद्धशाली नगरपालिका वनाउने लक्ष्यका साथ जनमुखी जनउत्तरदायी र पारदर्शी सेवा प्रवाहको माध्यमबाट सुशासन, समृद्धि र विकासको आधारशिला खडा गरी सुखी पर्सागढीबासी र समृद्ध पर्सागढी वनाउने हाम्रो लक्ष्य रहेको छ ।

## उद्देश्यः

स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुरदृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र एवं समुदाय सहितको साझेदारी,समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा सामाजिक असमानता हटाउन सुसाशन एवं पारदर्शीता कायम गरी समावेसी समानूपातीक विकासको अवधारणामा नगरपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी बृद्धि गरिनेछ । लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा बृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको प्रत्याभूती सहित ऐतिहासिक कला, संस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्धारा जिल्लाकै नमूना नगरपालिकाको रुपमा संस्थागत सवल सक्षम र आत्मानिर्भर वनाउने मुख्य उद्देश्य रहेको छ ।

## नीति तथा कार्यकम अवलम्बनका आधारहरुः

- बार्षिक योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन ।
- संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु ।
- स्थानीय तह सम्वन्धी जारी आदेश, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानूनी व्यवस्थाहरु ।

- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् संकलन भएका योजना तथा कायक्रमहरु ।
- विषयगत शाखा,बिभिन्न कार्यालय र साझेदार निकायबाट प्राप्त राय सुझावहरु ।
- नगरपालिका संग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु सँगको परामर्शबाट प्राप्त राय सल्लाह एवम् सुझावहरु ।

## क्षेत्रगत समग्र नीति तथा कार्यक्रमहरु

नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ ।

### क. आर्थिक विकास

**१. कृषि तथा पशुपन्छी विकास सम्वन्धी नीति :**

- आगामी आर्थिक बर्ष २०७९।८० मा पर्सागढी नगरपालिकाको समृद्धिका लागी उत्पादनको प्रथम बर्षका रुपमा लिई कृषि क्षेत्रमा ठोस लगानी गरिनेछ । कृषि तथा पशुपालन पर्सागढीको आर्थिक आधार स्तम्भ भएकोले तत्काल दरबन्दी अनुसारको दक्ष जनशक्ति व्यवस्थापन गरी नगरपालिका भित्रका कार्यक्रम व्यवस्थापन गर्नुका साथै प्रदेश, केन्द्रका कार्यक्रम समेत ल्याउन विशेष पहल गरिनेछ ।
- पर्सागढी नगरपालिका भित्र सिंचाईका लागि जोडिएका विद्युतिय मिटरहरु नगरपालिकाको कृषि शाखामा दर्ता गर्ने तथा कार्यविधि निर्माण गरी सिंचाईको कममा लाग्ने विद्युत शुल्कमा नगरपालिकाबाट सहुलियत दिने व्यवस्था गरिनेछ ।
- खेती योग्य जमिनमा बाह्रै मास सिंचाईको सुविधा पुऱ्याउन अभियानकै रुपमा डिप बोरीङ, बाध तथा कुलो निर्माण तथा मर्मत, सोलार पम्प आदिको माध्ययमबाट सिंचाई सुविधाको व्यवस्थाका साथै कृषि विद्युतीकरणका लागी समेत विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- सम्भावित कृषि क्षेत्रहरुको अध्ययन गरी क्रमैसँग एक वडा एक उत्पादनको माध्यमबाट चक्ला बन्दी खेतीलाई प्रर्बद्धन गरिनेछ । कृषि तथा पशुपालनको लागि उन्नत प्रविधिको प्रयोग गरी व्यवसायिक कृषि उत्पादनमा जोड दिइनेछ । साथै कृषि उत्पादनको खरीद बिक्रि सुनिश्चितताको लागि बजारीकरणलाई विशेष कार्यक्रम लागु गरिनेछ ।
- कृषि सडक तथा कृषि विद्युतिकरण विस्तारमा विशेष कार्यक्रम गरिनेछ ।
- कृषकहरुलाई पकेट क्षेत्र अर्न्तगत व्यवसायीक खेतीका लागी आवश्यक विऊ, प्रविधी, कृषि यान्त्रिकरणमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- दर्ता भएका दुध डेरी तथा तिनका शाखा मार्फत दुध विक्री गर्ने किसानहरुलाई कार्यविधि बनाई प्रति लिटर रु.१ सम्म उत्पादनमा आधारीत अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- कृषि प्रणाली तथा पशुपालनमा हुन सक्ने जोखिमलाई बहन तथा न्युनीकरण गर्नका लागी सञ्चालित कृषि बिमा कार्यक्रमहरुलाई विमा संस्था, किसान र नगरपालिकाको साझेदारीमा प्रभावकारी तथा सघन बनाईनेछ ।
- खालि पर्ती जग्गाहरुमा जग्गाधनीसँग नगरपालिकाले भाडामा लिएर जग्गा विहिनहरुका लागि एकिकृत खेती प्रणाली सञ्चालन गराईनेछ । साथै खेती नगरी जग्गा बाझो राख्नेलाई कानूनी दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- नगरपालिका भित्रका कृषि तथा पशु सेवाका शाखालाई थप व्यवस्थित बनाउन आवश्यक मर्मत संम्भार गरी चुस्तदुरुस्त सेवा प्रवाह गरिनेछ ।
- विभिन्न राष्ट्रिय तथा प्रदेश स्तरीय आयोजनाहरुसँग जोड्दै माछा पालनमा पकेट क्षेत्र बनाई अनुदान संग जोड्ने साथै बाखा, कुखुरा, गाई/भैसी, सुंगुर/बंगुर पालनका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- एक वडा एक कृषि सहकारी अवधारणा अवलम्बन गर्दै वैदेशिक रोजगारीबाट ज्ञान सीप आर्जन गरी फर्केका युवाहरुलाई व्यवसायीक रुपमा एकल तथा सामुहिक कृषि तथा पशुपालन गर्न प्रोत्साहन गर्ने गरी अनुदान कार्यक्रम लागु गरिनेछ ।

## २. पर्यटन प्रर्वद्धन, कला, साहित्य र संस्कृति प्रर्वद्धन सम्बन्धि नीति

- वन, पोखरी, सिमसार क्षेत्र, धार्मिक क्षेत्रहरुको विकास, ईको पार्क निर्माण गरी सुन्दर पर्यटकीय नगरीको रुपमा विकास गरीनेछ ।
- पर्सागढीको एतिहासिक क्षेत्र पर्सागढी मन्दिर, कोईलाभार मन्दिर, आमोदेवी मन्दिर तथा पकडिया बढ्निहार शिव मन्दिर पुर्वको सिमसार क्षेत्र तथा विभिन्न मस्जिद, गुम्बाहरुलाई विशेष पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नका लागि बृहत गुरु योजना तयार गरी काम अगाडी बढाईनेछ ।
- ग्रीन पार्कमा सबैका लागि उपयुक्त हुने फिटनेस स्थल आवश्यक उपकरण सहित स्थापना गरिनेछ ।
- घर वस्तीको सौन्दर्यकरण गर्ने, वाटोको दाँया वाँया रुख रोपण, खोलाको किनारामा वाँस एवम् वृक्षा रोपण, व्यवस्थित सार्वजनिक शौंचालय आदिको व्यवस्थापन गरिनेछ ।
- कला, सँस्कृति, साहित्य, भाषा, धर्म तथा साँस्कृतिक धरोहरहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न नेतृत्वदायी भुमिका खेलिनेछ ।
- नगर भित्रका उत्कृष्ट कलाकारहरुलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने कामहरुको शुरुवात गरिनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानका लागि विभिन्न प्रकारका प्रतिस्पर्धाहरु सञ्चालन गरी कला, साहित्य र सृजनाको संरक्षण तथा सर्म्बद्धन गरिनेछ ।
- धार्मीक तथा सांस्कृतिक रुपमा मनाईने नगर स्तरीय तीज गीत प्रतियोगीता, माघी महोत्सव, ल्होसार, होली, छठ, किश्मश, ईद जस्ता पर्वलाई थप सास्कृतिक महत्व बढाउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

## ३. उद्योग/घरेलु उद्योग सम्बन्धी नीति :

- उद्योगहरुलाई प्रदुषण मापदण्ड भित्र ल्याई प्रदुषण शुल्क तोकिनेछ ।
- उद्योग स्थापना गर्दा स्थानीय स्रोत साधन र रोजगारीलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- निजी क्षेत्रलाई व्यवसायीकरण गर्न घरेलु तथा साना उद्योग, ईटा उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिका भित्र संचालित उद्योग, इट्टा भट्टालाई करको दायरामा ल्याई उद्योगलाई प्रबर्द्धन गर्न न.पा.बाट आवश्यक व्यवस्था मिलाईनेछ ।

## ४. सहकारी सम्वन्धी नीतिः

- एक वडा कम्तीमा एक कृषि सहकारी घरघरमा रोजगारी अभियान द्धारा घरघरमा वाली नाली मौसमी बेमौसमी तरकारी, दुध तथा दुग्धजन्य र मासुजन्य पदार्थ उत्पादन एव सहकारी मार्फत खरिद विक्री, वजारिकरणद्धारा आत्मनिर्भर वनाउदै जाने नीति लागु गरिनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छतरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- सहकारीको माध्यमबाट गरीब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका बीच साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकीकृत गर्दै सामूहिक खेती, तरकारी, बीऊ बिजन, फूल र अन्य कृषि उपजको बजारीकरण गरी व्यवस्थापन गरिनेछ ।
- सहकारी क्षेत्रको क्षमता अभिबृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापकीय तालीम सञ्चालन गरिनेछ ।

## ख. सामाजिक विकास

### १.स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा नीति :

- संघीय सरकारको एक नगरपालिकामा न्यूनतम २५ शैयाको अस्पताल बनाउने निति सँग जोडिदै यस नगर भित्र सर्पदंशको उपचार सहितको कम्तिमा २५ शैयाको अस्पताल स्थापना गरी सञ्चालनमा ल्याईनेछ यसका साथै सबै स्वास्थ्य चौकीहरुको स्तरउन्नति गरीनेछ ।
- "समृद्ध पर्सागढीको आधार गुणस्तरीय स्वास्थ्य सेवामा पहुच सबैको अधिकार" भन्ने नारा सहित सबै वडाहरुमा क्रमिक रुपमा स्वास्थ्य संस्थाको स्थापना, विकास र विस्तार गर्दै लगिनेछ ।
- वडा नम्बर १, ३, ७ र ९ मा स्वास्थ्य चौकीको शुरुवात वा बाँकी कार्यकमलाई यहि आर्थिक वषभित्र लागु गरि थप पूर्वाधार तयार गर्न बजेट बिनियोजन गरिनेछ ।
- नगर भित्रका प्रत्येक घरपरिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा जोडिनेछ । स्वस्थ समाज र स्वस्थ नागरिक बनाउन विभिन्न सचेतना तथा अभिमुखिकरण कार्यक्रम प्रभावकारी ढंगले संचालन गरिनेछ ।
- स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीको स्तरोन्नती गरि वडा नः ४ को वर्वाटाडी तथा वडा नः ५ को पचरुखीमा पूर्व सम्भाव्यता अध्ययन गरी वर्थिङ्ग सेन्टर सञ्चालन गर्न आवश्यक प्रकृया अघि बढाईनेछ ।
- स्वास्थ्य विमालाई थप प्रभावकारी बनाई गरिबीको रेखामुनि रहेका जनताहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न विशेष पहल गरिनेछ । हाल दलित समुदाय तर्फबाट पारिवारीक रुपमा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सुरुवातका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- ७० बर्ष माथीका सम्पुर्ण जेष्ठ नागरीकलाई जेष्ठ नागरीक परिचयपत्र उपलब्ध गराउने तथा जिल्ला भित्रका स्वास्थ्य संस्थामा स्वास्थ्य उपचारका लागि निःशुल्क एम्बुलेन्स सेवा समेत उपलब्ध गराईनेछ ।
- पर्सागढी नगरपालिका भित्रका गर्भवती महिला डेलिभरीका क्रममा पर्सागढी वर्थिङ्ग सेन्टर वा स्वास्थ्य संस्था आउने जाने व्यवस्थाका लागि निःशुल्क एम्बुलेन्स प्रदान गरिनेछ ।
- नगरपालिकामा भएका तीन वटा एम्बुलेन्सको प्रभावकारी परिचालनका लागि एम्बुलेन्स सञ्चालन निर्देशिका तयार गर्ने तथा अन्य विशेष व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला प्रर्वद्धन गरी रोग परीक्षणलाई प्रभावकारी बनाईनेछ ।
- खाद्य सुरक्षा नीति बनाएर लागु गरिनेछ ।
- पोषणयुक्त खाद्य वस्तुहरुको उत्पादनको लागि प्रोत्साहन गरीनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्नका लागि तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## २. शिक्षा सम्वन्धी नीतिः

- सामुदायीक विद्यालय तथा शिक्षाको गुणस्तर सुधारका लागी विद्यालयको समग्र अवस्था (पुर्वाधार, जनशक्ति तथा विद्यार्थी संख्याको) तथ्यांक संकलन गरी आवश्यक सुधारका लागि पर्सागढी शिक्षा सुधार योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याईनेछ ।
- पर्सागढी भित्रका सम्पूर्ण विद्यालयहरुमा क्रमिक रुपमा बायोम्याट्रिक हाजिर प्रणाली जडान गर्ने तथा विद्यालयहरुमा क्रमश सी.सी. क्यामेरा जडान गरी प्रभावकारी अनुगमन प्रणाली लागु गरिनेछ ।
- सामुदायिक शिक्षाको गुणस्तरमा सरोकारवालाहरुको बिशेष ध्यान पुऱ्याउनका लागि पर्सागढीका स्थानीय निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक/शिक्षिकाका छोराछोरी आफ्नै स्थानीय निकायका सामुदायिक विद्यालयमा अध्ययन गराउने वातावरण सृजना गरीनेछ ।
- यस नगर भित्र रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलान हुने गरी दरबन्दी सृजना गरी सबै विद्यालयहरुमा क्रमिक रुपमा अंग्रेजी माध्यमबाट कक्षा संचालन विशेष तयारी गरिनेछ ।
- विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउने, दरबन्दीका आधारमा आवश्यक शिक्षक नियुक्ति गरीनेछ ।
- सार्वजानिक विद्यालयबाट एस.ई.ई उतीर्ण गरी प्राविधिक शिक्षा तर्फ अध्ययन गर्ने १ डाक्टर, १ ईन्जिनियर, १ कृषि विज्ञान, १ पशु विज्ञान, १ स्टाफ नर्सहरुलाई मेयर प्राविधिक शिक्षा छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरी यसै नगरपालिका भित्रकै उच्च मा.वि.मा अध्ययन गर्ने सम्पुर्ण दलित विद्यार्थीहरुको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- प्राविधिक शिक्षा प्रर्वद्धनका लागी आगामी आर्थिक बर्षमा कम्तिमा थप १ विद्यालयमा प्राविधिक बिषयको कक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम सञ्चालन गरिनेछ । यस अर्न्तगत खानेपानी, हात धुने स्थल सहितको शौचालय निर्माण तथा स्तरोन्नती, छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।
- निजी स्तरमा सञ्चालित विद्यालय तथा शैक्षिक संस्थाहरुको प्रभावकारी अभिलेखीकरण गरी नियमनको व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका भित्र रहेका सम्पूर्ण सरकारी विद्यालय मध्ये कम्तिमा ३ वटा विद्यालयमा अङ्ग्रेजी, विज्ञान, र गणित विषयमा थप पाठ्यक्रम बनाई परिक्षणको रुपमा अध्यापन गराईनेछ र विस्तारै एक वडा एक अतिरिक्त पाठ्यक्रमको अध्यापन गराउदै सम्पूर्ण विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने नीती अपनाइनेछ त्यसको लागि शिक्षा विज्ञहरुसँग छलफल गरि पाठ्यक्रम बनाई लागु गर्ने निति लिईनेछ ।
- विद्यालय उमेरका सबै वालवालिकाहरुको लागि सहज तथा गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि आवश्यक प्रभावकारी भर्ना अभियान, छात्रवृति, दिवा खाजा, शैक्षिक सामाग्री तथा पोशाक सहयोग कार्यक्रमहरुलाई प्रभावकारी बनाउदै शतप्रतिशत विद्यालय भर्ना गर्ने वातावरण तयार गरिनेछ ।
- बेटी बचाउ बेटी पढाउ भन्ने प्रदेश सरकारको कार्यक्रमलाई यस नगरपालिकामा थप प्रभावकारी बनाउन प्रदेश सरकार सँग सहकार्य गरी बढी भन्दा बढी छात्राहरुलाई सेवा उपलब्ध गराईनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- शिक्षण सिकाई कार्यलाई थप प्रभावकारी बनाउनका लागी शिक्षण पेशामा आबद्ध शिक्षक/शिक्षिका तथा कर्मचारीहरुलाई शिक्षण सिकाई तालिम, गोष्ठी, सेमिनार गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- युवाहरु तथा लक्षित वर्गलाई आत्मनिर्भर बनाउन सिपमुलक तथा आयमुलक बिषयगत तालिम सञ्चालन गर्न नगर भित्र एक तालिम केन्द्र स्थापनाका लागि विशेष पहल गरिनेछ ।
- कृषि, वन, पशु विज्ञान र ईन्जिनियरीङ्ग अध्ययन अध्यापनका लागि सी.टि.ई.भि.टीको आङ्गिक शिक्षालय स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।

## ३. समावेशीकरण सम्बन्धि नीति :

- लोपोन्मुख जातीहरु पासवान, दुषाद्ध, माझी, कुमाल, मुसहर र दलितहरुका लागि चालु आर्थिक वर्ष २०७९/०८० मा खरको छाना मुक्त नगरपालिका घोषणा गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका अती गरिव दलित, जनजाती, महिला लगायतहरुको क्षमता विकास, शिप विकास, आय आर्जन आदी कार्यक्रमहरु सञ्चालन गरी पछाडी पारिएका वर्ग तथा समुदायको उन्नती र प्रगती हुने कार्य सञ्चालन गर्दै लगिनेछ ।

## ४. महिला, बालबालिका, आदिवासी जनजाती, पिछडा तथा अन्य वर्ग सम्बन्धी निती:

- वडागत विनियोजन बजेटमा महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, वालबालिका, विपन्न तथा एकल महिला, आदिबासी जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सीप बिकास, क्षमता बिकास र आयआर्जनका कार्यक्रमहरु समाबेश गरी कार्यान्वयनमा ल्याईनेछ ।
- आदीबासी तथा अल्पसंख्यक थारु, भुजेल, माझी, दलित, पिछडा, लगायत अल्पसंख्यक समुदायको उत्थान र विकासका लागी आवश्यक कार्यक्रमहरु तयार गरिनेछ ।
- लक्षित बर्गलाई विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरि तालिम प्रदान गरी शसक्तिकरण गरिनेछ । महिला, आदिबासी जनजातिका लागि दिवस र समारोहहरु आयोजना गरी प्रवर्धानात्मक गतिविधि माफर्त शसक्तिकरण गरिनेछ ।
- बृद्धबृद्धालाई सम्मान गर्दै स्थानिय टोल तथा घर सम्मै स्वास्थ्य सेवा पुऱ्याउन अभियान सञ्चालनका साथै सरोकार र निकायसँग समन्वय गरी गरिनेछ ।
- सुरक्षित महिला बासको प्रबन्ध मिलाईनेछ साथै प्रजनन स्वास्थ्य सुधार र सुरक्षित गर्भ पतन सेवा प्रदान गरिनेछ ।
- विपन्न वर्गहरुलाई विपद जोखिमपुर्ण अवस्थामा सहायता प्रदान गरिनेछ । यस प्रयोजनका लागी आकस्मिक सहायत कोष स्थापना गरिनेछ ।
- घरेलु तथा लैङ्गिक हिंशामा परेका महिलाहरुको लागी महिला सुरक्षा बास निर्माण गरी आवश्यक व्यवस्थापन तथा पुनस्थापनाको कार्यक्रम सञ्चालन गरीनेछ र यस नगरपालिकालाई लैङ्गिक हिसाँ मूक्त नगर घोषणाका लागि आवश्यक गतिविधी सञ्चालन गर्ने नीति लिईएकोछ ।
- परम्परागत रुपमा आईरहेको संस्कृतिलाई सम्वर्धन गर्न साँस्कृतिक भवन निर्माणको थालनी गरिनेछ ।
- विद्यालय तथा समुदाय स्तरीय बाल क्लव गठन गरी बालवालिकाहरुका सवालमा अभिमुखिकरण, क्षमता विकास, भविष्यको लक्ष्य निर्धारण, खेलकुद आदिको व्यवस्था सहित, वाल मैत्री, अपाङ्ग मैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।

- नगरपालिका क्षेत्र भित्र रहेका किशोर किशोरीहरुलाई मध्येनजर गरि प्रजनन स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- स्थानीय स्तरमा बालबलिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखत तथा ओसारपसारमा पर्ने, हिंसा, दुर्व्यहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरी सहित सरकारी गैरसरकारी संघ संस्थाहरु सँगको सहकार्यमा विशेष सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- बाल श्रममुक्त नगरपालिका तथा बालमैत्री नगरपालिका घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिनेछ ।

## ५. युवा, खेलकुद तथा अतिरिक्त कृयाकलाप सम्बन्धि नीति

- खेल प्रर्वद्धन तथा खेलाडी उत्पादनका लागी प्रत्येक बर्ष नगर स्तरीय मेयर कप फुटबल प्रतियोगिता सञ्चालन गर्ने साथै बार्षिक रुपमा व्यवस्थित पर्सागढी गोल्डकप सञ्चालनका लागी स्थानीय युवा स्पोर्ट क्लबहरुलाई सहयोग गर्ने ।
- नगर स्तरीय कबड हल निर्माणका लागि योजना निर्माण गरी अगाडी बढाईनेछ ।
- नगर स्तरमा क्रिकेट, भलिबल, हाफ म्याराथुन, बुद्धिचाल जस्ता प्रतियोगिताहरको आयोजना गरीनेछ ।
- लोक सेवा तयारीका लागि कक्षाहरु सञ्चालन गरिनेछ ।
- युवा वर्गको उत्थान र विकासमा जोड दिने नीति लिईनेछ ।
- कुलतमा लागेका यूवाहरुको लागि लागु पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना जस्ता अभियानहरु संचालन गरिनेछ ।
- युवा नेतृत्व विकास अन्तर्गत क्षमता बिकास तालिमको ब्यवस्था गरिनेछ ।
- वडा तथा नगर स्तरीय युवा संजालको गठन गरी परिचालन गरिनेछ ।
- प्रत्येक वडामा १ खेलमैदान तथा खुला व्यायामशाला निर्माण गर्दै लगीनेछ गर्ने नीति लिईनेछ ।
- खेलाडीहरुको पहिचान गरी परिचय-पत्र वितरण गर्ने र सघन प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्थानीय स्तरमा उद्यमशिलताका लागि विशेष समूहगतमा प्राथमिकता अनुदान कार्यक्रम सञ्चालन गर्ने । सीप तथा योग्यता अनुसार युवाहरुको लगत संकलन गरी उत्पादन, सेवा तथा रोजगारीमा जोड्दै लैजानका लागी विशेष कार्यक्रम लागु गरिनेछ ।
- युवाहरुलाई प्लम्बिङ्ग, वेल्डीङ्ग, ईलेक्ट्रिसियन, मोवाईल मर्मत, मेसन, कार्पेन्टर, ड्राईभिङ्ग, सिलाई कटाई, व्युटीसियन जस्ता क्षेत्रमा सिप मुलक तालिम सञ्चालन गर्ने ।

## ग. संस्थगत विकास तथा सुशासन

## १. सामान्य प्रशासन सम्बन्धि नीति

- नगरबासीको काम सहज तरिकाले सम्पन्न गर्ने वातावरण मिलाउन तथा नगरका सबै काम तथा सेवाहरुलाई चुस्तदुरुस्त बनाउने तथा नगरवासीका सुझाव तथा गुनासो सुनुवाईका लागी नगरपालिकामा एक टोल फ्रि नम्बर सहितको नागरिक हेल्प डेस्क स्थापना गरिनेछ ।
- “जनतासँग मेयर” कार्यकम सञ्चालन गरी महिनामा एक पटक जनता सँग प्रत्यक्ष रुपले समस्या/गुनासा (सार्वजनिक सुनुवाई) सुन्ने कार्यकरम सञ्चालन गरी उक्त समस्यालाई सामाधान गर्नका लागि उपयुक्त उपायहरुको अवलम्बन गरिनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- नगरको विकास निर्माण, गतिविधि तथा कार्यवोझका आधारमा कर्मचारी संरचना विकास र दरवन्दी सृजना तथा व्यवस्थापन गर्ने कार्य अगाडी वढाउने छ ।
- वडा कार्यालयबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागी कर्मचारी दरबन्दि अनुसार कर्मचारी माग गरिनेछ ।
- कर्मचारी वृति बिकास योजना तजुर्मा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- कर्मचारी कल्याण कोष व्यवस्थापन र कर्मचारी बीमाको व्यवस्था गरिनेछ ।
- कर्मचारी पदाधिकारी सुशासन आचार संहिता निर्देशिका तयार गरि लागु गरिनेछ ।
- कर्मचारीहरुको कार्य सम्पादन र सेवा प्रवाहको उच्च मूल्याकंन बिधी प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरण गर्न दण्डित र पुरस्कृत पद्धतिको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।
- नगरपालिकाको कर्मचारी कल्याण कोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याईनुका साथै मानव संसाधन विकास कोष, लगायत विशेष कोषहरु स्थापना गरिनेछ । यी कोषहरु संचालन गर्न कार्यविधी बनाई क्रमश कार्यान्वयनमा लगिनेछ ।
- नगरवासी आम नागरीकलाई सुरक्षा निकायको समन्वयमा सामाजिक सेवा केन्द्र सञ्चालन गरी शान्ती सुरक्षाको प्रत्याभुती गराईनेछ ।

## २. राजश्व तथा आर्थिक प्रशासन नीति

- नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यबस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरिने छ ।
- आन्तरिक स्रोततर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुली लाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईने छ ।
- नगरपालिकामा रहेका मेशिन तथा औजार उपकरणहरुको अधिकतम उपयोगबाट आय स्रोत बढाइने छ ।
- हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि समिति मार्फत(विज्ञहरुको परामर्शमा) फर फारक नीति वनाइ शुन्यतामा लगीनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउनदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

## ३. सूचना, सञ्चार तथा प्रविधि सम्बन्धी नीति :

- नगरपालिकाका सवै लागत तथा रकेर्डहरु विधुतीय प्रणालीमा राखिनेछ ।
- निश्चित रकम भन्दा माथीका वोलपत्र आव्हान गर्दा विधुतीय आवदेन मात्रै माग गरिनेछ ।
- निश्चित रकम भन्दा माथीको आर्थिक कारोवार बैंक मार्फत गरिनेछ ।
- सवै वस्तीहरुमा टेलिफोन, इन्टरनेट सेवाको उपलब्धता गराइनेछ ।
- सवै विद्यालयहरुलाई प्रविधिको प्रयोगको लागि उत्प्रेरीत गरिनेछ ।
- सबै वडाहरुलाई प्रभावकारी रुपले इन्टरनेटको सञ्जालले जोडिनेछ ।
- सार्वजनिक स्थलहरुमा सि.सि.टि.भी. क्यामेरा जडान र विस्तार गरिनेछ ।

- सूचना सञ्चार र मनोरञ्जन सँगै स्थानीय घटना बारे जानकारी प्राप्त गर्न स्थानीय स्तरमा निजी क्षेत्रको लागनीमा एफ.एम. रेडिया सञ्चालन गर्न प्रोत्साहन गरिनेछ
- सुचना प्रणाली व्यवस्थित गराउदै लगिनेछ साथै नगरपालिकाको विद्युतिय पार्श्वचित्र (E-Profile) तयार गरी सो को आधारमा योजना प्रकृया सञ्चालन गरिनेछ ।

## घ.वन, वातावरण तथा विपत व्यवस्थापन

### १. जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा विपद् व्यवस्थापन

- सडकको क्षेत्राधिकार भित्र सडक निर्माण गर्न अवरोध गर्नेलाई नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्ने नीति लिइनेछ ।
- सफा, स्वच्छ नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिनेछ ।
- एक घर एक रुख विरुवा, करेसाबारि शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।
- नालामा प्रदुषित पानी वा त्यस्तो पदार्थ मिसाउन पूर्णरुपमा निषेध गरिने छ ।
- नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्दै फोहोरबाट मोहर आर्जन गर्ने नीति लागु गरि नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगर घोषणा गर्ने तर्फ अभियान अगाडि बढाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र बायो इन्जिनियरिङ (BIO Engineering) को प्रविधि अवलम्बन गरिनेछ ।
- वनको उत्पादकत्व वृद्धि गर्न र साझेदारी वन, कवुलियती वन, नीजी तथा पारिवारीक वनहरुको दिगो व्यवस्थापन गर्ने ।
- जलाधार संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा पर्यापाटन विकासको लागि जनसहभागीतामा आधारीत संरक्षण कार्यक्रमहरु लागु गरिनेछ ।
- राष्ट्रिय, सामुदायिक, पारिवारिक तथा कवुलियती वनहरुको दिगो व्यवस्थापन गरी पर्यापटन क्षेत्रको रुपमा प्रवर्धन गर्ने
- वन पैदावरहरुको उत्पादकत्व वृद्धि गरी वन पैदावरमा आत्मनिर्भर हुदै नगरपालिका र नागरीकको सहभागितामा वनमा आधारित उद्योगहरु सञ्चालन गरिनेछ ।
- जलाधार संरक्षण कार्यक्रम सञ्चालनका साथै सिमसार क्षेत्रको पहिचान तथा संरक्षण संगै पर्यटन विकासका लागि डिभिजन वन, वन विभाग, पर्यटन विभाग सँगको समन्वयमा विशेष पहल गरीनेछ ।
- विरुवा उत्पादन गरी सडक किनारा, नदी किनारा र सार्वजानिक स्थलहरुमा वृक्षारोपण गर्ने ।
- पर्सागढी हरियाली आभियानलाई प्रवर्द्धन गर्ने ।
- विपद व्यवस्थापनका लागि वडा तथा नगर स्तरीय विपद व्यवस्थापन समिती गठन गर्ने, विपद पूर्व तयारी गर्ने, विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी पूर्व तयारी अवस्थामा रहने व्यवस्था मिलाईनेछ ।
- अनुमान गर्न नसकिने तर पूर्व तयारी गरे विपदबाट बाँच्न र बचाउन सकिने अभ्यास हामीले गर्दै आएको छौं । विपद कतिवेला आउछ भनी पूर्व अनुमान गर्न नसकिने, देखा परेमा तत्काल प्रतिकार्य गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षमा समेत यसलाई निरन्तरता दिइनेछ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

- नगरभित्र हुने भूस्खलन, नदि कटान, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाउन नगरपालिकामा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
- विपद तथा जोखिमबाट प्रभावित नागरीकहरुको उन्नयनका लागी विशेष कोष स्थापना गरि संचालन सञ्चालनका निम्ती कार्यविधी बनाई क्रमश कार्यान्वयनमा लगिनेछ ।

## ङ. भौतिक पुर्वाधार विकास

### १. पुर्वाधार विकास सम्बन्धि नीति

- प्रत्येक आर्थिक बर्षमा नगर स्तरिय गौरवका योजनाहरु कालो पत्र, ढलान गरि पर्सागढीका महत्वपूर्ण आर्थिक केन्द्रहरुलाई जोडी व्यापार बाणिज्यको विकासमा टेवा पुऱ्याईनेछ ।
- यहि आर्थिक वर्षभित्र नगरपालिकाको भवन तयार गराई भवनबाट विकास र सेवा प्रवाह गरिनेछ साथै वडा नम्बर ७ र ९ को वडा कार्यालय भवन निर्माण गर्न विशेष पहल गरिनेछ ।
- सबै सडकका दायाँबायाँ वृक्षा रोपण गरी हरीत सडकको रुपमा विकासको सुरुवात गरिनेछ ।
- ग्रामीण कृषि सडक निर्माण तथा स्तरोन्नतीलाई मुख्य प्राथमिकतामा राखेर अगाडी बढाईनेछ ।
- पर्सागढी नगरपालिका भित्रका सबै वडाहरु समेट्ने गरी चक्रपथ निर्माणका लागि आवश्यक सर्भे तथा डि.पी.आर तयार गरी काम सुरु गर्ने तथा लिंक रोड र कृषि रोडका सञ्जालद्वारा सबै बस्तीहरु जोड्न सडकको गुरुयोजना निर्माण गरी स्तरोन्नती गर्दै लगिनेछ ।
- सही भु-उपयोग नीतिका आधारमा आवासीय क्षेत्र, कृषि क्षेत्र, औद्योगीक क्षेत्र छुट्याई पूर्वाधार विकास गरिनेछ ।
- नीजी आवास, भवन तथा भौतिक संरचन निर्माण मापदण्ड तयार गरी आगामी सबै निर्माणका कार्यहरुलाई अनिवार्य मापदण्ड अनुसार हुने व्यवस्था लागु गरीनेछ ।
- २५ लाख भन्दा माथिका सम्पुर्ण निर्माण जन्य कार्यहरु सार्वजानिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का प्रकृयाबाट सम्पादन गर्ने व्यवस्था मिलाईनेछ । सामान्यतया २५ लाख भन्दा कम रकमका योजनाहरु मात्र उपभोक्ता समीती मार्फत सम्पादन गरीनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेको सिंगयाही, फण्टी, फोकहा, मेघा आदी खोलाहरुमा पुल निर्माणका लागी डि.पि.आर. तयार गरी प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- नगरपालिका भित्रका खोलानाला जस्तै भेडहा,तिलावे, र सिङ्गयाहि खोलाहरुलाई सम्बन्धित कार्यालयको समन्वयमा तटबन्ध लगाएतका अन्य प्रवधिबाट कटान लगाएतका क्षतिहरु हुन नदिन आवश्यक कार्यक्रम संचालन गर्ने नीति लिइनेछ । साथै यस पालिकाको श्रोत साधनबाट सम्पन्न हुन नसक्ने योजनाहरु संघ, प्रदेश सरकार एवं अन्य निकायको सहयोग लिईनेछ ।

### २. भुमि व्यवस्थापन तथा भवन नियमन नीति

- नगरपालिकाका क्षेत्रभित्रका घरहरुको क्रमश ब्रयिअप ल्य तयार गरी न्एक प्रणालीमा आवद्धताका लागी अध्ययन गरिनेछ ।
- नगरपालिकाको भु-उपयोग नीति निर्माण गरी लागु गरीनेछ साथै राष्ट्रिय भु-उपयोग तथा भूमी नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत बस्ती, खेल परीसर, आवाश, शहरीकरण, पुर्वाधार विकास गरीनेछ ।

- जमीनको लागत कम्प्युटर प्रणालीमा राखेर भुमि व्यवस्थापन, जग्गाको राजश्व संकलन जस्ता विषयलाई सहज तथा पारदर्शी बनाईनेछ ।
- पर्सागढी भित्र रहेको सार्बजनिक ऐलानी पर्ती जग्गाहरु, खोजी गरी त्यसको संरक्षण गरिनेछ ।
- साविक वागेश्वरी तित्रौना बाहेक यस नगरपालिका भित्र २०२१ साल पछी नयाँ नापी नभएको र यस बिचमा धेरै जग्गाहरु खण्डीकरण भइसकेको नयाँ नयाँ बस्तिहरु बनेको र धेरै सहमतिको बाटो बनेको हुँदा उक्त बस्ति तथा बाटोसँग जोडीएका घर जग्गाहरु धितो राखी व्यवसाय उद्योग धन्दा गर्न कठिनाई भएको हुदाँ केन्द्रियगुठी संस्थान नापी विभाग र भूमि सुधार मन्त्रालयसँग समन्वय पहल कदमी गरी आगामी पाँच वर्षभित्र सबै वडाहरुमा नयाँ नापी गर्ने गराउने तर्फ आवश्यक पहल गरिनेछ ।
- नगर भित्र रहेका गुठी ऐलानी जग्गाहरुको लगत संकलन गरी संघीय सरकार र गुठी संस्थान सँग समन्वय गरी रैतान नम्बरी बनाउन विशेष पहल गरिनेछ ।
- जनता आवास कार्यक्रम अन्तर्गत अति विपन्न सुकुम्बासी तथा दलित परीवारलाई आवास निर्माणको काम व्यवस्थित ढंगले अगाडी बढाईनेछ ।
- नगर भित्रका खरको छानाहरुलाई जस्ता मार्फत विस्थापित गर्नका लागी विशेष कार्यविधि बनाई केन्द्र तथा प्रदेशको कार्यक्रमसँग जोड्दै ट्रस्ट सहित आवश्यक जस्ताको घर निर्माणको काम तिब्रताका साथ सञ्चालन गरिनेछ ।
- सुकुम्बासी, अव्यवस्थित बसोबास भएका परिवारलाई आगामी पाँच वर्ष भित्र सुकुम्बासीहरुको लागि जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
- अनौपचारीक भूमीमा बसोबास गरेका तथा भोग चलनमा रहेका जग्गाहरुलाई औपचारीक गर्ने नीति अवलम्बन गरीनेछ ।
- नगर भित्रका भूमिहिन तथा सुकुम्बासीहरुलाई सुरक्षित बसोबासका लागी सामुहिक आबास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरको विद्युत सेवालाई भरपर्दो तथा गुणस्तरीय बनाउनका लागी विद्युत प्राधिकरण सँग समन्वय गरी विद्युत पोल, ट्रान्सफर्मर जडान, सडक बत्ती व्यवस्थापन लगाएतका कामहरुलाई प्राथमिकताका साथ सञ्चालन गरीनेछ ।

## ३. योजना अनुगमन तथा तथ्याङ्क नीति

- नगरपालिका बाट संचालन गरिने योजना तथा कार्यक्रमहरु लाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व.को जेष्ठ मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी फर फारक गरी सक्नु पर्ने नीति अवलम्वन गरि अषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारत्मक रुपमा व्यवस्थापन गरिनेछ ।
- स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा क्रमश संचालन गर्ने नीति लिइनेछ ।
- चालु आ.व. भन्दा अघिका तथा साविक गा.वि.स.हरुमा रहेको बक्यौता बेरुजु एवं पेश्की फछ्र्यौट गर्ने कार्यलाई कार्य योजना सहित फछ्र्यौट एवं असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।
- यस पालिकाका स्वामित्वमा रहेको वा खरदि गरिएका सबै जिन्सी मौज्दातको अभिलेखिकरण थप चुस्त दुरुस्त तथा पारदर्शी बनाइ हाल सम्म जिन्सी शाखाको रेकर्डमा नदेखीएको जिन्सी मौज्दातहरुको छानबिन प्रक्रीया अगाडी बढाइनेछ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

श्रीमान सभाध्यक्ष ज्यू

सभा सदस्य ज्यूहरु

अब म आर्थिक वर्ष २०७९/०८० को बजेट यस गरिमामय नगर सभामा प्रस्तुत गर्न अनुमनति चाहन्छु ।

आ.व.२०७९/०८० को लागि संघीय सरकारको वित्तिय समानिकरण अनुदान रु.१३ करोड ६२ लाख, राजस्व बाँडफाडबाट रु १० करोड ७३ लाख ६९ हजार, शसर्त अनुदान तर्फ रु.१७ करोड ८५ लाख, प्रदेश सरकारको बित्तिय समानिकरण अनुदान रु.९८ लाख, शसर्त अनुदान रु.८० लाख, बिशेष अनुदान रु.३० लाख, समपुरक अनुदान रु.२० लाख, सवारी साधन कर बाडफाँड रु.५० लाख, गत वर्षको मौज्दात अनुमान रु. १० करोड, आन्तरिक आय १ करोड ३२ लाख ५० हजार, जि.स.स. अनुदान रु.१ करोड गरि जम्मा रु.५८ करोड ६३ लाख १९ हजार कुल बजेट बिनियोजित रहेको कुरा यस सभा समक्ष प्रस्तुत गर्दछु ।

पर्सागढी नगरपालिकाको कुल आय मध्ये जम्मा प्रशासनिक खर्च तर्फ रु.१० करोड ४३ लाख ६९ हजार विनियोजन गरेकी छु । त्यसै गरी बिभिन्न निर्धारीत तथा स्विकृत योजना/कार्यक्रमको लागि रु. २४ करोड ८२ लाख ३१ हजार विनियोजन गरेको छु । आर्थिक तथा सामाजिक विकास तर्फ रु.३ करोड ८३ लाख ५० हजार, भौतिक पुर्वाधार विकास तर्फ रु. ७ करोड ९० लाख ७१ हजार, जस मध्ये वडागत योजना /कार्यक्रमको रु.६ करोड ३० लाख, त्यसैगरी गत विगतका नगर स्तरीय योजना तथा वडा स्तरीय योजनाको लागि रु.१० करोड खर्चको व्यवस्था गरेकी छु ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

## अनुसूची १

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट बिनियोजन हुने रकम

| सिनं. | आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | | | आर्थिक विकास | १५८५००००।०० |
| १ | वित्तीय समानीकरण अनुदान | १३६२०००००।०० | सामाजिक विकास | २२५०००००।०० |
| २ | शसर्त अनुदान | १७८५०००००।०० | पूर्वाधार विकास | २४२०७१०००।०० |
| ३ | राजस्व वाडफाँड | १०७३६९०००।०० | सुशासन तथा संस्थागत विकास | ३८६९०००।०० |
| **प्रदेश सरकार** | | | विपद व्यवस्थापन | ५००००००।०० |
| १ | वित्तीय समानीकरण अनुदान | ९८४००००।०० | कार्यालय सञ्चालन तथा प्रशासनीक | ११२३६९०००।०० |
| २ | शसर्त अनुदान | ८००००००।०० | **सशर्त अनुदान खर्च** | १७८५०००००।०० |
| ३ | विशेष अनुदान | ३००००००।०० | शिक्षा | |
| ४ | सम्पुरक अनुदान | २००००००।०० | स्वास्थ्य | |
| ५ | राजस्व वाडफाँड | ५००००००।०० | कृषि | |
| ६ | आन्तरिक आय | १३२५००००।०० | प्रधान मन्त्री रोजगार कार्यक्रम | |
| ७ | गत वर्षको मौज्दात | १००००००००।०० | सामी प्रोजेक्ट | |
| ८ | जिअनुदान.स.स. | १०००००००।०० | पञ्जीकरण तथा अन्य | |
| ९ | बाडफाँडबाट प्रास घर जग्गा रजिष्ट्रेशन शुल्क | १५००००००।०० | प्रदेश शसर्त अनुदान | ८००००००।०० |
| | **जम्मा** | **५८८१५९०००।००** | **जम्मा** | **५८८१५९०००।००** |

स्थानीय सरकारको व्यवस्था सहित स्थानीय तहको विभिन्न काम, कर्तव्य तथा अधिकारका निमित्त गरिनुपर्ने नीतिगत व्यवस्था, कानूनी व्यवस्था, कार्यक्रमगत व्यवस्था एवम् संस्थागत व्यवस्थाहरुको माध्यबाट यस पर्सागढी नगरपालिकाको विकास व्यवस्थापन र नागरिक सेवा प्रवाहका निमित्त यस नगरपालिकाको नगर कार्यपालिकाले उल्लिखित नीति तथा कार्यकमको तर्जुमा गरी यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको छु । उल्लिखित नीति, कार्यकम तथा बजेटको कार्यान्वयन एवम् प्रस्तावित बिधेयक लगायतका प्रस्तावहरुलाई यस सभाद्वारा सुझाव सहित पारित गरिदिनु हुन हार्दिक अनुरोध छ। यस बजेट, नीति तथा कार्यकमको कार्यान्वनय एवम् प्रस्तावित अन्य ऐन, नियम एवम् नीतिको स्वीकृती पश्चात समग्र पर्सागढी नगरपालिकाको विकास व्यवस्थापनमा तीब्रता, सेवा प्रवाहमा प्रभावकारीता, सामाजिक गतिशिलता र जीवनतता, स्थानीय आर्थिक गतिविधिमा विस्तार, जनप्रतिनिधिहरु एवम् कर्मचारीहरुको क्षमता विकास, नागरीहरुको चेतनामा अभिबृद्धि हुन गई समग्र पर्सागढी नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न जाने एवम् नागरिक र नगरपालिका बिचको सम्बन्ध र पारसपारिक विश्वासमा अभिबृद्धि हुने आसा लिएकी छु।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

साथै यस नगरपालिकाको गठन, विभिन्न अनुदानहरुको व्यवस्था, नमूना कानूनहरुको व्यवस्था, बजेट मार्गदर्शनको व्यवस्था द्वारा यस नगरपालिकालाई सहयोग पुऱ्याउने नेपाल सरकार (संघीय सरकार) लाई हार्दिक धन्यवाद दिन चाहन्छौं। यस नीति, कार्यक्रम तथा बजेट सार्वजनीकिकरण समारोहमा प्रमुख अतिथि तथा अन्य अतिथिज्यूहरुमा हार्दिक स्वागत तथा धन्यवाद दिदै बजेट तर्जुमा प्रकृयामा सहयोग पुऱ्याउने नगर प्रमुख, नगर कार्यपालिकाका सदस्यहरु, नगर सभाका सदस्यहरु, विभिन्न समितिका सदस्यहरु, स्थानीय नागरिक तथा नागरिक समाज, संघ संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु। नीति, कार्यक्रम तथा बजेट तर्जुमाको मस्यौदा तयारीका लागि अहोरात्र खटिनुहुने प्रमुख प्रशासकीय अधिकृत एवम् कार्यक्रम तर्जुमा समितिका कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

**यस गरिमामय सातौं नगर सभाका सभाध्यक्ष ज्यू, सम्पूर्ण सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम र आ.व २०७९/०८० को विनियोजित बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने संघीय तथा प्रदेशका माननिय सांसदज्युहरु, नगर उपप्रमुख लगायत सम्पूर्ण पदाधिकारी ज्युहरु, सम्पूर्ण राजनितिक दलका पदाधिकारी ज्युहरु, निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्युहरु, नगर कार्यपालिका सदस्य ज्युहरु, विभिन्न समितिका संयोजक ज्युहरु, नगर सभाका सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारीहरु, वुद्धिजिविहरु, नगरको समुन्नत विकासमा टेवा दिने नगरवासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नगरको विकास र सम्बृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी गैर सरकारी सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु। बहस, छलफल र सहकार्यमा नै विकास हुनसक्छ भन्ने मान्यता बोकेको छु। सो कुरा यहाँहरु समक्ष विश्वास दिलाउन पनि चाहन्छु।

**अन्त्यमा**

पर्सागढी नगरपालिकाको सार्वभौम यस सातौं नगरसभामा पेश भएको नीति तथा कार्यक्रमले समग्र पक्षलाई समेट्ने प्रयास गरेकी छु। यहाँहरुको माझ प्रस्तुत पर्सागढी नगरपालिकाको नीति तथा कार्यक्रम, २०७९ पारित गर्न सम्पूर्ण नगरसभा सदस्यहरुमा अनुरोध गर्दछु। यस नीति तथा कार्यक्रम र आ.व २०७९/०८० को विनियोजित बजेट कार्यान्वयनको सफलताको लागि आम नगरवासीहरुबाट सकारात्मक पृष्ठ पोषण र मार्गदर्शनको अपेक्षा गरेकी छु। **धन्यवाद ! जय पर्सागढी ॥॥**

प्रस्तुत कर्ता
श्री पूजा चौधरी
नगर उप प्रमुख
पर्सागढी नगरपालिका

**प्रमाणित गर्ने**
हस्ताक्षर ..................
नामः- श्री गोकर्ण पाठक
पदः- नगर प्रमुख
पारित मितिः- २०७९/०३/१० गते शुक्रवार
प्रमाणित मितिः- २०७९/०३/१० गते
प्रमाणित पाना (पेज) सख्याः- १५ (पन्ध्र)